
Interdisciplinary Research in Education
Volume 8, Issue 2, 2023: 68-74
DOI: https://doi.org/10.3126/ire.v8i2.60212



# शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तह, सेमेस्टर प्रणालीका प्रश्नप्रति विद्यार्थीको दृष्टिकोण

**राजेन्द्र खनाल**
*sauravabhirk@gmail.com*
*ORCID : https://orcid.org/0009-0002-1882-1192*
*शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर*
**सिद्धिबहादुर महर्जन**
*siddhikirtipur@gmail.com*
*शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर*
**ईशा महर्जन**
*ishamaharjan09@gmail.com*
*जनभावना क्याम्पस, चापागाउँ, ललितपुर*

**शब्दकुञ्जी**

*परीक्षण, प्रश्नपत्र, छपाइको गुणस्तर, अङ्कको तालमेल*

**लेखसार**

*यस लेखमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातक तहको सेमेस्टर प्रणालीमा आधारित प्रश्नपत्रप्रति शिक्षार्थीको दृष्टिकोणलाई प्रस्तुत गरिएको छ। क्षेत्रीय सर्वेक्षण विधिमा आधारित भई मतावलीलाई तथ्य सङ्कलनको साधन बनाइएको यस अध्ययनमा यादृच्छिक नमुना छनोट प्रक्रिया अवलम्बन गरिएको छ । यसमा शिक्षाशास्त्र, स्नातक तहमा अध्ययनरत ३० जना शिक्षार्थीलाई नमुनाका रूपमा लिई उनीहरूको अभिमतको विश्लेषण गरिएको छ । प्रश्नको छपाइमा स्पष्टताप्रति ८४ प्रतिशत परीक्षार्थीहरू सकारात्मक रहेका छन् । यो सन्तुष्टिको मध्यम स्थिति हो । प्रश्नको भाषाशैलीप्रति ९४ प्रतिशत परीक्षार्थीहरूले सकारात्मक मत प्रकट गरेका छन् । यसलाई राम्रो स्तरको प्रतिक्रिया मान्न सकिन्छ । प्रश्नपत्रको समय र अङ्कको तालमेलप्रति परीक्षार्थीहरूले ९३ प्रतिशत सकरात्मक मत दिएका छन् । यसलाई पनि राम्रो स्तरको मान्न सकिन्छ । प्रश्न र शिक्षणसिकाइको सम्बन्धप्रति शत प्रतिशत परीक्षार्थीहरूले सकारात्मक छन् । यसले प्रश्नको स्तर निकै राम्रो रहेको जनाउँछ । प्रश्नपत्रको कागज र छपाइको गुणस्तरप्रति पनि शत प्रतिशत परीक्षार्थीहरू सकारात्मक छन् । यसलाई पनि निकै राम्रो स्तर मान्न सकिन्छ । समग्रमा सामान्य जम्मा पाँचओटा आधारमा लिइएको प्रतिक्रियामध्ये सबैमा ८० प्रतिशतभन्दा बढी नै सकारात्मक प्रतिक्रिया प्राप्त भएकाले निर्दिष्ट कक्षाका लागि बनाई उपयोगमा ल्याइएका प्रश्नहरूको गुण र प्रश्नपत्रको संरचना राम्रो रहेको निष्कर्ष प्राप्त भएको छ ।*

## पृष्ठभूमि

शैक्षणिक मूल्याङ्कन प्रक्रियामा परीक्षणका साधन उपयोग अनिवार्य हुन्छन् । उक्त प्रक्रियामा औपचारिक र अनौपचारिक दई किसिमका शैली अपनाइने भए पनि औपचारिक शैलीका लिखित, मौखिक एवम् प्रयोगात्मक प्रकृतिका परीक्षण साधनको उच्च महत्ता रहेको हुन्छ । उक्त तीन प्रकृतिका साधनमध्ये लिखित साधनलाई परम्परादेखि अहिलेसम्म उत्तिकै महत्त्व दिइएको छ । प्रस्तुत अध्यननमा लिखित साधनका रूपमा उपयोग गरिएका प्रश्नपत्रमा आधारित भई परीक्षार्थी बनिसकेका विद्यार्थीहरूबाट निर्दिष्ट सूचक या आधारमा प्रतिक्रिया लिई विश्लेषण गरिएको छ ।

सेमेस्टरमा परीक्षण प्रक्रियाका विविध शैली एवम् साधन अपनाउन सकिन्छ । परीक्षणलाई शिक्षार्थीमैत्री र सिकाइकेन्द्री बनाउनका लागि विभिन्न उपकरणको उपयोग गरिएको हुन्छ । आन्तरिक एवम् बाह्य परीक्षा दुवै परीषा प्रगति परीक्षाका रूपमा रहेका हुन्छन् । कक्षा प्रगति परीक्षणबाट सिकारुका सिकाइगत प्रगति, शिक्षणको प्रभावकारिता पहिचान गर्न सकिन्छ भने पाठ्यक्रमका उद्देश्य प्राप्तितर्फ सिकारुलाई परिलक्षित गर्न सकिन्छ । परीक्षण कार्यले शिक्षार्थीलाई सिकाइप्रति थप उत्प्रेरित गर्छ भने शिक्षकमा पनि पेसागत व्यवहारको अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ (खनिया, २०१३, पृ. १११) । परीक्षणका उपकरण जसले शिक्षार्थी तथा शिक्षक दुवैलाई सिकाइप्रति उत्प्रेरित गर्छ, तिनको प्रयोग फलदायी मानिन्छ । परीक्षण प्रक्रिया एवम् उक्त प्रक्रियामा उपयोग गरिएका साधनले सिकाइ सक्षमता विकास एवम् समस्याको निराकरणका लागि धेरै सहयोग पुऱ्याउँछन् । परीक्षण प्रक्रिया शैक्षणिक एकाइबाट प्राप्त भएका सक्षमता निर्धारण गर्न र सिकाइजनित कठिनाइ पहिचान गर्न सहयोगी बन्छ (पाठक, २०१२, पृ. २९) । परीक्षा प्रणाली सिकाइ कार्यक्रमकै शृङ्खला हो जहाँ सक्षमता प्राप्तिका सवालमा शैक्षिक अन्तर्क्रिया र छलफल हुन्छ । साथै परीक्षा प्रक्रियामा शिक्षक शिक्षार्थीबिच पृष्ठपोषण आदानप्रदान हुने भएकाले शैक्षणिक कार्यक्रमको सहकार्यात्मक सन्दर्भ पनि मानिन्छ (फल्चर एन्ड डेभिड्सन, २०११, पृ. २९) । उपर्युक्त विविध दृष्टिकोण तथा मान्यताका आधारमा शैक्षणिक कार्यक्रममा परीक्षा प्रणाली या परीक्षणको सान्दर्भिकता पुष्टि हुन्छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मूल उद्देश्य त्रिभुवन विश्वविद्यालयमा शिक्षाशास्त्र स्नातक तहको सञ्चालित सेमेस्टर प्रणालीका प्रश्नपत्र विश्लेषण गर्नु रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन परिमाणात्मक ढाँचाको छ । यस अध्ययनमा क्षेत्रीय सर्वेक्षण विधि अपनाई मतावलीलाई तथ्य सङ्कलनको साधन बनाइएको छ । प्रस्तुतिमा वर्णनात्मक विधि अपनाइएको छ । प्रस्तुत शोध स्नातक तहको अन्तिम परीक्षा प्रणालीप्रति परीक्षार्थीहरूको दृष्टिकोणको अध्ययनमा केन्द्रित रहेकाले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ३ वटा कलेजका विद्यार्थीहरू यस शोधको जनसङ्ख्याका रूपमा रहेका छन् । ३ वटा कलेज मध्ये जनभावना कलेजमा अध्ययनरत २० जना विद्यार्थी, आदर्श सौल कलेजका १८ जना विद्यार्थी र महेन्द्र आदर्श कलेजमा अध्ययनरत ३४ जना विद्यार्थी गरी जम्मा ७२ जना विद्यार्थीहरू जो कम्तीमा एक पटक अन्तिम परीक्षामा सहभागी भइसकेका छन्, तिनीहरू नै यस अध्ययनका जनसङ्ख्याका रूपमा रहेका छन् । तीमध्ये प्रत्येक कलेजबाट १०/१० जना गरी ३० जना विद्यार्थीहरू नमुनाका रूपमा लिइएका छन् । प्राप्त प्रतिक्रिया प्राथमिक स्रोतका रूपमा रहेका छन् भने सम्बद्ध सैद्धान्तिक ग्रन्थ, सम्बन्धित अनुसन्धान प्रतिवेदन

एवम् विशेषज्ञका सुझावहरू द्वितीयक स्रोतका रूपमा रहेका छन् ।

प्रस्तुत अध्ययनमा शिक्षार्थीको अभिमत पहिचान गर्नका लागि परीक्षण प्रक्रिया र प्रश्नपत्रसँग सम्बन्धित मतावली बनाइएको छ । लिकर्ट स्केललाई आधार मानी कथनसँग सहमत वा असहमत जनाउने पाँचओटा विकल्पन दिइएको छ। यी विकल्पनमध्ये कुनै एउटामा रेजा लगाउने प्रबन्ध गरिएको छ । उक्त विकल्पनमध्ये पूर्ण सहमत, सहमत, अनिर्णित, असहमत तथा पूर्ण असहमत रहेका छन् । अध्ययनमा प्राप्त प्रतिक्रिया विश्लेषणका लागि ८० प्रतिशतभन्दा कम सकारात्मक प्रतिक्रियालाई सामान्य मानिएको छ भने ८० प्रतिशतदेखि ९० प्रतिशतसम्मको सकारात्मक प्रतिक्रियालाई मध्यम स्तरमा राखिएको छ । त्यसैगरी ९० प्रतिशतदेखि माथि ९५ प्रतिशतसम्मलाई राम्रो तथा ९५ प्रतिशतभन्दा माथिको सकारात्मक प्रतिक्रियालाई निकै राम्रो स्तरको मानी विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा परीक्षण साधनका रूपमा उपयोग गरिने प्रश्नपत्रको गुण पक्ष र संरचना पक्षमा आधारित पाँचओटा कथन तयार गरी शिक्षार्थीबाट अभिमत लिइएको छ । शिक्षार्थीका अभिमतमार्फत लिइएका दृष्टिकोणलाई विकल्पमा प्राप्त मतलाई प्रतिशताङ्कमा राखी प्रस्तुत गरिएको छ । उक्त प्रतिक्रियाको साङ्ख्यिकीय विश्लेषण गरी वृत्तचित्रमार्फत शिक्षार्थीका दृष्टिकोणलाई प्रस्ट्याइएको छ। विश्लेषण गर्दा मूलतः सकारात्मक र नकारात्मक गरी दुई तरिकाले प्रस्ट पारिएको छ । पूर्ण सहमत र सहमतलाई सकारात्मक तथा असहमत र पूर्ण असहमतलाई नकारात्मक पक्षमा विश्लेषण गरिएको छ भने अनिर्णितलाई तटस्थ मानिएको छ । विश्लेषणमा पूर्ण सहमत र सहमतलाई सकारात्मक एवम् असहमत र पूर्ण असहमतलाई नकारात्मक पक्षका मत मानी प्रस्तुत गरिएको छ ।

### आधार


परीक्षा सञ्चालन गर्दा प्राज्ञिक पक्षहरूमा पनि ध्यान पुऱ्याउनुपर्दछ । प्रस्तुत अध्ययनमा १. प्रश्नपत्र छपाइमा स्पपष्टता, २. प्रश्नपत्रको भाषाशैली, ३. प्रश्नपत्रको समय र अङ्कको तालमेल, ४. प्रश्न र शिक्षणसिकाइको सम्बन्ध तथा ५. प्रश्नपत्रको कागज र छपाइको गुणस्तर गरी जम्मा पाँचओटा सचक वा आधारहरू तयार गरी कम्तीमा एक पटक स्नातक तहको परीक्षामा सहभागी भएका विद्यार्थीबाट प्रतिक्रिया लिई उक्त प्रतिक्रियालाई विश्लेषण गरिएको छ ।

## परिणाम तथा विश्लेषण

### प्रश्नपत्रको छपाइमा स्पष्टता

प्रश्नपत्रको छपाइमा स्पष्टता हुनु निकै जरुरी छ । प्रश्नले सोध्न खोजेको कुरा स्पष्ट रुपमा झल्किने गरी शब्द चयन गर्नुपर्दछ । प्रश्न निर्माण गर्दा यो कुरालाई ध्यान दिनुपर्दछ । प्रश्नपत्रको लेखाइ स्पष्ट छ भन्ने कथनमा परीक्षार्थीहरूको प्रतिक्रिया लिइएको छ । जसमा सहभागीमध्ये ८ जना अर्थात् २७ प्रतिशतले पूर्ण सहमति र १६ जना अर्थात् ५३ प्रतिशतले सहमति जनाएका छन् । त्यसैगरी ४ जना अर्थात् १३ प्रतिशत असहमत र २ जना अर्थात् ७ प्रतिशत पूर्ण सहमत रहेका छन् । यस आँकडालाई यसरी वृत्तचित्रमा देखाउन सकिन्छ :

वृत्तचित्र नं. १





उपर्युक्त वृत्तचित्रमा सकारात्मक प्रतिक्रियाको आँकडा बढी रहेको देखिन्छ। पूर्ण सहमत र सहमत

गरी जम्मा ८० प्रतिशतले सकरात्मक प्रतिक्रिया जाहेर गरेको हुँदा यस कथनप्रतिको प्रतिक्रियाको स्तर राम्रो मान्न सकिन्छ । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने परीक्षामा दिने प्रश्नपत्रको छपाइ स्पष्ट छ ।

**प्रश्नपत्रको भाषाशैली**

प्रस्तुत अध्ययनमा अन्तिम परीक्षामा उपयोग गरिएका प्रश्नपत्रको भाषाशैलीप्रति विद्यार्थीको दृष्टिकोण लिइएकोछ । यसमा प्रश्नपत्रको भाषाशैलीको स्तर उपयुक्ततासम्बन्धी मतमा सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । अध्ययनमा सहभागी ३० जनामध्ये ११ जना अर्थात् ३७ प्रतिशत पूर्ण सहमत र १७ जना अर्थात् ५७ प्रतिशत सहमत रहेका छन् । त्यस्तै १ जना अर्थात् ३ प्रतिशत अनिर्णित देखिएका छन् भने १ जना अर्थात् ३ प्रतिशतले मात्र पूर्ण असहमति प्रकाट गरेको पाइन्छ । यस आँकडालाई वृत्तचित्रमा यसरी देखाउन सकन्छि :

वृत्तचित्र नं. २





उपर्युक्त वृत्तचित्रअनुसार ९४ प्रतिशतको प्रतिक्रिया सकारात्मक रहेको छ । ६ प्रतिशत विद्यार्थी मात्र सकारात्मक नहुनुले यस कथनप्रतिको प्रतिक्रियाले प्रश्नको भाषाशैली राम्रो मान्न सकिन्छ । यसरी हेर्दा प्रश्नपत्रको भाषाशैली स्वाभाविक र उपयुक्त रहेको देखिन्छ ।

प्रश्नपत्रको अङ्क र समयको तालमेल प्रश्नपत्र निर्माण गर्दा अङ्क र समयको तालमेलमा विशेष ध्यान पुऱ्याउनु जरुरी छ । परीक्षाको समयअनुसार प्रश्नको अङ्क निर्धारण गर्नुपर्दछ । प्रत्येक प्रश्नमा उल्लेख गरिएको अङ्क र निर्धारण गरिएको समयबिच तारतम्य हुनु अनिवार्य हुन्छ । उक्त दुई पक्षबिच तामेल हुन नसकेमा परीक्षार्थीहरूलाई उत्तर लेखनमा समय व्यवस्थापनको समस्या उत्पन्न हुनगई अपेक्षित उत्तरको सम्प्राप्ति हुन सक्दैन । फलस्वप सोचे जति अङ्क प्राप्त कठिन हुन्छ । त्यसैले प्रश्नपत्रको अङ्क र समयको तालमेलमा आधारित कथन निर्माण गरी परीक्षार्थीहरूको प्रतिक्रिया लिइएको छ ।

जम्मा ३० सहभागी परीक्षार्थीहरूमध्ये ६ जना अर्थात् २० प्रतिशत पूर्ण सहमत भएका छन् भने १२ जना अर्थात् ७३ प्रतिशत सहमत भएका छन् । त्यस्तै १ जना अर्थात् ३ प्रतिशत असहमत भएका छन् भने १ जना अर्थात् ३ प्रतिशत पूर्ण असहमत भएका छन् । सबै सहभागीले आ-आफ्नो निर्णय व्यक्त गरेका छन् । यस आँकडालाई वृत्तचित्रमा यसरी देखाउन सकिन्छ :

वृत्तचित्र नं. ३




उपर्युक्त वृत्तचित्रमा देखाइए अनुसार यस कथनप्रति सकरात्मक प्रतिक्रिया दिनेको सङ्ख्या निकै बढी रहेको छ । पूर्ण सहमत र सहमत गरी जम्मा ९३ प्रतिशत सकारात्मक देखिन्छ भने ६ प्रतिशत मात्र नकारात्मक देखिन्छ । यसबाट प्रश्नपत्रको अङ्क


र समयको तालमेल मिलेको छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

### प्रश्नहरू र शिक्षण सिकाइको सम्बन्धसम्बन्धी अभिमत

परीक्षा र शिक्षणसिकाइ एकअर्कामा अन्योन्याश्रित सम्बन्ध राख्ने पक्षहरू हुन् । त्यसैले परीक्षामा सोधिने प्रश्नहरू शिक्षण सिकाइसँग सम्बन्धित हुनुपर्दछ । कक्षामा जुन कुराको शिक्षणसिकाइ गरिएको हुन्छ, सोही अनुसार परीक्षाको प्रश्नपत्र निर्माण गर्नुपर्दछ । कक्षामा सिकाइएका भन्दा फरक खालका प्रश्नको कुनै महत्त्व हुँदैन । त्यस्तै, अर्कातर्फ सेमेस्टर आफैमा परीक्षण र सिकाबिचको चक्रीय प्रक्रिया भएकाले पनि प्रश्नका आधारमा सिकाइमा एवम् शिक्षण पनि निर्देशित हने भएकाले प्रश्न एवम् शिक्षण सिकाइबिचको सम्बन्ध अनिवार्य हुन्छ । असम्बद्ध प्रश्न भएमा न त शिक्षणको उद्देश्य प्राप्त हुन्छ, न त परीक्षा सफल नै हुन्छ । त्यसैले प्रश्नहरू शिक्षण सिकाइसँग सम्बन्धित छन् भन्ने कथनप्रति परीक्षार्थीहरूको प्रतिक्रिया लिइएको छ ।

जम्मा ३० सहभागी परीक्षार्थीहरूमध्ये १५ जना अर्थात् ५० प्रतिशत पूर्ण सहमत र १५ जना अर्थात् ५० प्रतिशत सहमत रहेका छन् । शत प्रतिशत परीक्षार्थीहरू यस कथन प्रति सहमत भएका छन् । यस आँकडालाई वृत्तचित्रमा यसरी देखाउन सकिन्छ :

वृत्तचित्र नं. ४





उपर्युक्त वृत्तचित्रमा पूर्ण सहमत र सहमत गरी शत प्रतिशतबाट सकारात्मक प्रतिक्रिया उल्लेख भएको छ । यसलाई अति राम्रो  स्तर मान्न सकिन्छ । यसबाट के प्रस्ट हुन्छ भने प्रश्नहरू शिक्षणसिकाइसँग सम्बन्धित छन् ।

### प्रश्नपत्रको कागज र छपाइको गुणस्तरसम्बन्धी अभिमत

प्रश्नपत्रको कागज भन्दा छपाइको गुणस्तर अझ बढी महत्त्वपूर्ण रहन्छ । छपाइको गुणस्तर राम्रो नभएमा स्पष्ट रूपमा नदेखिने समस्या आउन सक्छ । जसकारण प्रश्नको बुझाइमा पनि समस्या आउँछ । त्यस्तै, कागज कम गुणस्तरको भएमा च्यातिने सम्भावना हुन सक्छ । त्यसैले प्रश्नपत्रको कागज र छपाइ गुणस्तरीय छ भन्ने कथनप्रति परीक्षार्थीहरूको प्रतिक्रिया लिइएको छ ।

जम्मा ३० सहभागी परीक्षार्थीहरू मध्ये ७ जना अर्थात् २३ प्रतिशतले पूर्ण सहमति जनाएका छन् भने २३ जना अर्थात् ७७ प्रतिशतले सहमति जनाएका छन् । अनिर्णित, असहमति र पूर्ण असहमति जनाउने सङ्ख्या शून्य रहेको छ । यस आँकडालाई वृत्तचित्रमा यसरी देखाउन सकिन्छ :

वृत्तचित्र नं. ५




उपर्युक्त वृत्तचित्रमा देखाइएबाट शत प्रतिशतको सकरात्मक प्रतिक्रिया रहेको देखिन्छ । पूर्ण सहमत र सहमतबाहेक अन्य मतहरूमा शून्यता देखिन्छ । त्यसैले यस कथन प्रति सकारात्मकताको स्तर

उच्च रहेको मान्न सकिन्छ । यसबाट प्रश्नपत्रको कागज र छपाइको गुणस्तर निकै राम्रो छ भन्ने पुष्टि हुन्छ । स्नातक तहको सेमेस्टर प्रणालीमा उपयोग गरिएका प्रश्नमा आधारित भई गरिएको यस अध्ययनबाट प्राप्त भएको प्रतिक्रिया हेर्दा उक्त प्रश्नको भाषाशैली, सिकाइसँगको सम्बन्ध, समय एवम् अङ्कका् तालमेल, प्रश्नपत्रमा प्रयोग गरिएको कागत र छपाइ तथा संरचनाका पक्ष सकारात्मक भएको पाइयो ।

## निष्कर्ष

प्रश्नको छपाइमा स्पष्टताप्रति ८४ प्रतिशत परीक्षार्थीहरू सकारात्मक रहेका छन् भने जम्मा १६ प्रतिशत मात्र विद्यार्थीले सकारात्मक मत जाहेर गरेका छैनन् । तसर्थ उक्त सूचकमा प्राप्त भएको प्रतिक्रियाले सन्तुष्टिको मध्यम स्थितिलाई जनाउँछ । प्रश्नको भाषाशैलीप्रति ९४ प्रतिशत परीक्षार्थीहरूले सकारात्मक मत प्रकट गरेका छन् भने जम्मा ६ प्रतिशत विद्यार्थीबाट मात्र सकारात्मक मत प्राप्त हुन सकेको छैन । तसर्थ यो कथनमा प्राप्त मतका आधारमा यसलाई राम्रो स्तरको प्रतिक्रिया मान्न सकिन्छ । प्रश्नपत्रको समय र अङ्कको तालमेलप्रति परीक्षार्थीहरूले ९३ प्रतिशत सकारात्मक मत दिएका छन् । भने ७ प्रतिशत विद्यार्थीले मात्र सकारात्मक मत जाहेर गरेका छैनन् । यसलाई पनि राम्रो स्तरको मान्न सकिन्छ । प्रश्न र शिक्षणसिकाइको सम्बन्धप्रति शत प्रतिशत परीक्षार्थीहरूले सकारात्मक छन् । यसले प्रश्नको स्तर निकै राम्रो रहेको जनाउँछ । प्रश्नपत्रको कागज र छपाइको गुणस्तरप्रति पनि शत प्रतिशत परीक्षार्थीहरू सकरात्मक छन् । यसलाई पनि निकै राम्रो स्तर मान्न सकिन्छ । समग्रमा सामान्य जम्मा पाँचओटा आधारमा लिइएको प्रतिक्रिमध्ये सबैमा ८० प्रतिशतभन्दा बढी नै सकारात्मक प्रतिक्रिया प्राप्त भएकाले निर्दिष्ट कक्षामा उपयोग भएका प्रश्नहरूको संरचना पक्ष एवम् गुण पक्ष राम्रो रहेको निष्कर्ष प्राप्त भएको छ ।

**कृतज्ञताज्ञापन :** प्रस्तुत लेख विश्वविद्यालय अनुदान आयोगबाट २०७७/०७८ का लागि ‘त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातकोत्तरतहको परीक्षा प्रणालीप्रति सरोकारवालाको दृष्टिकोण’ शीर्षकको फ्याकल्टी रिसर्च{ [FRG-77/78-Edu-2] ग्रान्टअन्तर्गत गरिएको अनुसन्धानसँग सम्बद्ध क्षेत्रमा आधारित भई स्नातक तहको परीक्षणसँग सम्बन्धित तथ्यलाई आधार बनाई तयार पारिएको हो । तसर्थ उक्त अनुसन्धान ग्रान्ट उपलब्ध गराई अनुसन्धानमा अभिप्रेरित गर्ने संस्था विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछौँ ।

## सन्दर्भ सामग्रीहरू

अलि, जे.जी. (सन् १९९६), *वेब्स्टर्स डिक्नरी,* युएसए : ओटेन्हेइमर पब्लिसर्स ।

खनाल, पेशल र अधिकारी, नारायणप्रसाद (२०६८), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

खनाल, राजेन्द्र (२०७७), ‘सेमेस्टर प्रणालीमा आधारित आन्तरिक मूल्याङ्कनप्रति शिक्षक तथा शिक्षार्थीको दृष्टिकोण’, विश्वविद्यालय अनुदान आयोग सानोठिमी, भक्तपुरमा पेस गरिएको लघु अनुसन्धान प्रतिवेदन ।

खनाल, राजेन्द्र र महर्जन, सिद्धिबहादुर (२०८०), ‘त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातकोत्तर तहको परीक्षा प्रणालीप्रति सरोकारवालाको दृष्टिकोण’, विश्वविद्यालय अनुदान आयोग सानोठिमी, भक्तपुरमा पेस गरिएको □याकल्टी अनुसन्धान प्रतिवेदन ।

खनिया, तीर्थराज (सन् २०१३), *इक्जामिनेसन फर इन्ह्यान्सड लर्निङ,* एजुकेसनल एन्ड डिभ्लप्मेटल सर्भिस सेन्टर ।

चोडबङ्ग, के.बि.(सन् २०१४) 'कम्पारेटिभ स्टडी अफ् सेमेस्टर सिस्टम एन्ड एनुअल सिस्टम अफ याकल्टी अफ एजुकेसन', त्रि.वि. शिक्षाशास्त्र डीन कार्यालयमा प्रस्तुत लघु अनुसनधान प्रतिवेदन ।

त्रिपाठी, सुधा र अन्य (सन् २०१८), *टियु बुलेटिन स्पेसल,* कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

निउरे, ध्रवप्रसाद (२०७०), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौं : क्वेस्ट पब्लिकेसन ।

पाठक, आर.पि.(सन् २०१२), *मिजरमेन्ट एन्ड इभालुएसन इन एजुकेसन,* दिल्ली : पियर्सन ।

पौडेल, लालु (२०७४), 'सेमेस्टर प्रणाली : समस्या र सुधारका उपाय' प्रगतिशील प्राध्यापक सङ्गठनद्वारा कीर्तिपुरमा आयोजित अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत अवधारणापत्र ।

फल्चर, जि. एन्ड डेभिड्सन, एफ.(सन् २०११), *ल्याङ्ग्वेज टेस्टिङ एन्ड एसेस्मेन्ट,* लन्डन : रट्लेज ।

मजुम्दर, मम्ताज (सन् २०१०), 'इन्ट्रडक्सन अफ सेमेस्टर सिस्टम इन इन्डियन कलेज', आसाम युनिभर्सिटी : सेमिनार पेपर ।

युसफ, ए. एन्ड हसिम, एम. (सन् २०१२) अ केस स्टडी अफ एनुअल एन्ड सेमेस्टर सिस्टम अफ इक्जामिनेसन अन गभर्मेन्ट कलेज अफ म्यानेजमेन्ट साइन्स, *इन्टर नेसनल जर्नल अफ एकेडेमिक रिसर्च इन बिज्नेस एन्ड सोसल साइन्स,* भोल. २ (पृ. ५३–७३) ।

रेनल्ड्स, सि.आर. एन्ड अदर्स (सन् २०१८), *मिजरमेन्ट एन्ड एसेस्मेन्ट इन एजुकेसन,* इन्डिया : पियर्सन ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७५), *अनुसन्धान विधि,* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

ल्याडो, रबर्ट (सन् १९६५), *ल्याङ्ग्वेज टेस्टिङ,* लन्डन : लङमेन्स ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शिक्षाशास्त्र सङ्काय (२०७२), *नेपाली शिक्षा पाठ्यक्रम,* स्नातक तह, शिक्षाशास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।